अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः९ | संख्याः २ | मितिः२०८२|०१|३० |

भाग-२

# जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

**जैमिनी नगरपालिका**

# जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधी, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२|०१|३० गते**

प्रस्तावः कृषि तथा पशुपन्छी विकासका लागि कृषिजन्य बस्तुको उत्पादन उत्पादकत्व वृद्धि गर्ने गरी यस नगरपालिकाका सबै वडाहरूमा क्षेत्रअनुसार विभिन्न कृषि तथा पशुपन्छी पकेट क्षेत्रहरु निर्माण भई रहेका छन् । बहुजाति, बहुभाषा, धर्म संस्कृतिको धनि हाम्रो विविध क्षेत्रमा सम्भावना बोकेको यस नगरपालिका कृषि तथा पशुपन्छी व्यवसाय संचालनमा यूवा कृषक, कृषक समुह, कृषि सहकारी, पशु पन्छी फर्म,कृषि तथा पशु पन्छी फर्म, विभिन्न कृषि फर्महरूलाई उचित कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन गरी दिगो कृषि विकास तथा व्यवस्थित कृषि व्यवसाय संचालन तथा परिचालनमा जोड दिदै कार्यक्रमहरू संचालन भई रहेका छन् । जैमिनी नगरपालिका कृषि तथा पशुपन्छी विकासमा आत्मनिर्भर हुने गरि रासायनिक विषादी रहित कृषि उत्पादन. प्रतिस्पर्धात्मक बजार र अन्य नमुना कार्यक्रमहरू संचालन हुदै आईरहेको अवस्थामा हाल यस नगरपालिकाले सिंचाईका नहर, कृषि बजार ब्यवस्थापन, खाद्यान्न बाली, वीउ उत्पादन, तरकारी, मौरीपालन, च्याउ खेती, ग्रिनहाउस निर्माण, प्लाष्टिक घरटनेल निर्माण मौसमी तथा बेमौसमी तरकारी उत्पादन एबम् पशु स्वास्थ्य,पशु आहारा,नश्ल सुधार कार्यक्रम गर्दै आएको छ ।

यसै सन्दर्भमा जैमिनी नगरपालिकामा विभिन्न प्रकतिका कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरू संचालन गर्ने प्रक्रियालाई व्यवस्थित गर्ने उद्धेश्यका साथ स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगरपालिका नगर कार्यपालिकाबाट जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गरिएको छ ।

## (२) कार्यविधिको औचित्यताः

नेपाल एक कृषि प्रधान देश हो। कूल जनसंख्याको ६०.४% कृषिमा आश्रित रहेको पाईन्छ । साथै कुल गाहस्थ उत्पादनको २३.९% कृषिको योगदान रहेको भएतापनि विगत वर्षको भन्दा कृषिमा आश्रित जनसंख्या घटदै गएको छ । ऽकृषि व्यवसाय प्रतिको घटदो अवस्थालाई कमश वृद्धि गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी व्यावसायमूलक बनाउन र यस नगरपालिकाले लिएको नीति **"समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी"** साकार पार्न कृषि पेशालाई मर्यादित बनाई ताजा तथा स्वस्थ्य वाली उत्पादन गरी बाह्य क्षेत्रसम्म पनि यहाँको नमूना कार्यको अनुशरण गर्ने गरी यो कार्यविधि तयार गरिएको हो। यस नगरले कृषि विकासको क्षेत्रमा विनियोजन गरेको बजेटको सहि सदुपयोग र व्यवस्थित कार्यक्रम सञ्चालन पद्धतिका लागि यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने बातावरण सृजना गरी सेवा प्रदायक र सेवाग्राहीका लागि

विश्वस्थ पारी उपलब्ध श्रोतको सदुपयोग गर्नका लागि मार्ग निर्देशन गर्ने गरी **जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२** तयार गरिएको हो ।

**(३) संक्षिप्त नाम र प्रारम्भ**

यो कार्यविधिको नाम जैमिनी नगरपालिका **जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२** रहेको छ।यो कार्याविधि जैमिनी नगरपालिकाको क्षेत्र भित्र लागू हुनेछ । यो कार्यबिधि जैमिनी नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **नगरपालिका** भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्नेछ ।

(ख) **कार्यालय** भन्नाले जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) **प्रमुख** भन्नाले जैमिनी नगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(घ) **उप प्रमुख** भन्नाले जैमिनी नगरपालिकाको उप-प्रमुखलाई जनाउने छ ।

(ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(च) **शाखा** भन्नाले जैमिनी नगरपालिकाको कृषि विकास/पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

(छ) **वडा** भन्नाले जैमिनी नगरपालिका अन्तगतका सबै वडाहरू सम्झनु पर्नेछ ।

(ज) **प्राविधिक** भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास/पशु सेवा शाखावाट खटाइएको सम्बन्धित प्राविधिक सम्झनु पर्नेछ ।

(झ) **सहकारी** भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी सस्थालाई सम्झनु पर्दछ ।

(ज) **कृषक** भन्नाले कृषि कर्म गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

(ट) **अनुदान** भन्नाले सम्बन्धित कृषि विकास/पशु विकास कार्यक्रम संचालनका लागि दिइने अनुदान सम्झनु पर्नेछ।

(ठ) **प्रस्तावक** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त कृषक, व्यवसायिक कृषि फर्म, कृषक समुह, कृषि सहकारी,पशु पन्छी फर्म,कृषि तथा पशु पन्छी फर्म,दुग्ध सहकारी, निजि फर्म\उद्यमी सम्झनु पर्दछ ।

(ड) **कार्यविधि** भन्नाले **जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि** २०८२ सम्झनु पर्दछ ।

(ण) **समिति** भन्नाले जैमिनी नगरपालिकाको आर्थिक विकास समिति सम्झनु पर्छ ।

(त) **लगानी रकम** भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यहोंने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

(थ) **श्रमदान** भन्नाले प्रस्तावक वा सेवाग्राहीले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु पर्दछ ।

(द) **मागमा आधारीत अनुदान** कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा, दिइने अनुदान कार्यक्रम सम्झन् पर्दछ ।

**(४) उद्देश्यः**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

१. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा टेवा पुर्याउने ।

२. कृषि क्षेत्रमा उन्नत तथा हाइब्रिड बीउविजन, मल, विपादि तथा यान्त्रिकीकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने र पशु पन्छी क्षेत्रमा पशु स्वास्थ्य,पशु उत्पादन,पशु सेवा,नश्ल सुधार जस्ता महत्वपूर्ण कुराको उपलब्धि सुनिस्चित गर्ने ।

३. व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

४. प्राकृतिक स्रोत, बातावरण र जैविक विविधताको संरक्षण सम्बंद्धन एव सदुपयोग गर्ने ।

५. प्रस्तावकहरूको प्रस्ताव बमोजिमका कार्यक्रमहरू संचालन गर्ने।

६. कृषि क्षेत्रमा नविनतम प्रविधिहरु विस्तार गरी उत्पादन लागत घटाउने ।

७. व्यवसायिक कृषि कार्यक्रम मार्फत समृद्ध जैमिनी को लक्ष्य प्राप्ति गर्ने ।

## (५) कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रियाः

### (क) कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरण कार्यक्रम

कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि उपजहरुको उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा ब्यवसायीलाई संगठित गरि बजारमा गुणस्तरीय तरकारी, फलफूल, मासु, अन्डा र मसलाजन्य बस्तु बिक्रि गरे बापत बिक्रिका आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

यस नगरपालिका भित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यवसायीक बन्न प्रेरित गर्दै नगरपालिका स्तरीय कृषि उत्पादनमा वृद्धि गर्न, कृषि उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत, विकसित गर्न, साना किसानहरुलाई संगठित गरी सहकारीमा आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्न र कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्न कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम सहयोगी रहनेछ ।

**कार्यक्रम संचालन प्रकृया**

१. आर्थिक विकास समितिले अनुदान दिईने बालि बस्तुको नाम, न्युनतम बिक्रि परिमाण र प्रति केजि अनुदान निर्धारण निर्णय गरेपश्चात सोहि बमोजिम कृषि उत्पादन निर्यातमा आधारित अनुदान कार्यक्रम संचालन हुनेछ ।

२. कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्रस्ताब आव्हान सम्बन्धी १५ दिने सूचना प्रसारित गरिनेछ ।

३. कृषकहरुले बालीबस्तुहरु उत्पादन गरि सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत बिक्रि गरी कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति नगरपालिका भित्रका कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले निवेदन पेश गर्नुपर्नेछ ।

४. अनुदान वितरणको लागि सहकारी, कृषि फर्म तथा कृषक समुह छनौट गरि नगरपालिका र सहकारी, कृषि फर्म तथा कृषक समुह बिच सम्झौता गरिनेछ।

५. यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरणका लागि कम्तिमा एक वडामा एक वटा कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूह तोकिने छ। त्यसैगरी तोकिएको कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहलाई गतिशिल बनाउन पालिका र वडाबाट सहयोग गरिनेछ ।

६. कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि नगरपालिकाबाट निर्धारित कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा निवेदन पेश गर्नु पर्नेछ र सो कृषि सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह मार्फत कृषि उपजको कारोबार गर्नु पर्नेछ।

७. कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा कृषि उपजहरुको दैनिक खरिद तथा बिक्रीको रेकर्ड प्रत्येक किसानहरूको अभिलेख वडा प्राविधिक वा तोकिएको कर्मचारीको रोहबरमा राख्नु पर्नेछ ।

८. सन्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्र तथा भैरहेका संकलन केन्द्रलाई खारेज गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

९. कुनै समुह फर्म वा कृषि सहकारीमा आवद्ध नभएको तर उत्पादन गरि नगरपालिका भन्दा बाहिर निर्यात गरेको प्रमाण वडा वा सम्बन्धित निकायबाट सिफारिस भई आएमा अनुदानको लागि योग्य मानिनेछ।

१०. पालिकाद्वारा निर्धारित सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहले कृषकहरुको खरिद अभिलेख, दैनिक बिक्री बिल र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

११. एउटै आर्थिक वर्षमा एउटै उत्पादन वितरणमा आधारित अनुदान वा अन्य कुनै प्रकारको अनुदान प्राप्त कृषकलाई समेत उत्पादनमा आधारित थप अनुदान प्रदान गर्न सकिनेछ ।

१२. नगरपालिकाद्वारा कृषकहरुको बैंक खाता मार्फत अनुदान EFT रकम भुक्तानी गरिनेछ वा बैंक खाता नभएका कृषकहरुको हकमा नगद वा चेक मार्फत भुक्तानी हुनेछ ।

**(ख) मौरी तथा पारिवारिक पोषण कार्यक्रमः**

यो कार्यक्रममा विशेष साना कृषकहरूका लागि पारिवारिक पोषण तर्फ मौरी विस्तारका लागि खालि घारमा अनुदान र व्यवसायिक मौरी पालनका लागि मौरी गोला तथा मौरीजन्य सामाग्रीमा अनुदान दिइनेछ ।

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहि तालिम, गोष्ठी, अवलोकन भ्रमण, अन्तरक्रिया, प्रविधि प्रदर्शन जस्ता विविध कार्यक्रम संचालन गर्न सकिनेछ ।

२. कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान गरी कृषकहरूलाई १५ दिने सूचना प्रसारित गरिनेछ ।

३. प्रस्तावकले प्रस्तावनाका साथ व्यवसायिक योजना र लागत स्टिमेट पेश गर्नुपर्ने छ। बजेटको उपलब्धता बढीमा **५०%** सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

४. व्यवसायिक मौरी पालनका लागि न्युनतम **१० मौरी गोला भएका कृषकले** मात्र प्रस्तावना पेश गर्न पाउने छन् । तर मौरीपालन गर्न चाहने कृषकहरुलाई कार्यक्रममा सहभागी हुनबाट बञ्चित गरिने छैन ।

५. यस कार्यक्रम बमोजिम मौरीपालन सम्बन्धी मौरीजन्य सामाग्रीहरु अनुदानमा वितरण गरिने छ ।

६. निर्धारित समय भित्र पर्न आएका प्रस्तावहरूको छनौट र सिफारिस, कृषि तथा पशु बिकास समितिबाट गरिनेछ ।

७. प्रस्ताव पेश गर्दा **अनुसूची ५** बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ ।

**(ग) कृषक लागत सहभागितामा बीउ वितरण कार्यक्रमः**

यो कार्यक्रम खाद्यान्न बाली, तरकारी बाली, तेलहन, दलहन बाली मसलाबालीमा उन्नत र तथा वर्णशंकर जातका बीउ वितरण गरी कार्यक्रम सञ्चालन गरी वालीवस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र कृषकहरुलाई खाद्यान्न तथा तरकारी बालीहरुमा आत्म निर्भर बनाई परनिर्भरता न्यूनीकरण गर्ने उद्देश्यका लागि संचालन गरिनेछ । साथै नगर भित्रका बीउ उत्पादक कृषक समूह तथा सहकारीहरुका लागि मूल बीउ उन्नत् बीउ उत्पादनका लागि अनुदानमा बीउ उपलब्ध गराइने छ ।

१. कृषि सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी, कृषकको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । साथै नगर भित्रका मुख्य बालीहरुको बीउ उत्पादन गरी रहेका कृषि सहकारी संस्थाहरूको बीउ उत्पादन, भण्डारण तथा कारोबार बिबरण पेश गर्नका लागि सूचना प्रकाशन गरीनेछ ।
२. अनुदानमा वितरण गरिने वालीवस्तुको बीउविजनहरु राष्ट्रिय विउविजन समितिबाट सूचीकृत बा पञ्जीकृत भएको हुनपर्ने छ ।
३. कार्यक्रम सञ्चालन गर्नका लागि यस कार्यालयले १५ दिने सूचना प्रकाशित गर्नेछ। यस्तो सूचना सबै वडा कार्यालय मार्फत सरोकारवालाहरुलाई जानकारी दिइनेछ ।
४. तोकिएको समय भित्र पर्न आएका आवेदनहरुको छनौट र सिफारिस **समितिबाट** गरिनेछ ।
५. खाद्यान्न वालीको बीउमा बढीमा ५०% अनुदान उपलब्ध गराइने छ तर मसलाबालिको सन्दर्भमा बढिमा ८०% सम्म अनुदान उपलब्ध गराउन सकिन्छ । अनुदान वाहेकको बाँकी रकम सम्बन्धित पक्षले नै व्यहोर्नु पर्नेछ । अनुदान रकम कृषकले बीउबिजन खरिद गर्दा तोकिए वमोजिम अनुदान स्वरुपको रकम छुट गरी बाँकी रकम कृषक स्वयले तिर्नुपर्ने छ ।
६. खाद्यान्न बालीको मूल बीउ तथा उन्नत बीउ उत्पादन गर्ने कृषक समूह, कृषि सहकारी र उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि प्रति रोपनी रु. २०००।- प्रदान गर्न सकिने छ। साथै प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
७. कार्यक्रम अन्तर्गत तालिम, गोष्ठी तथा कृषक अवलोकन भ्रमण, प्रविधि प्रदर्शन समावेश गर्न सकिनेछ ।
८. खाद्यान्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि कृषकहरूलाई मूलबीउ तथा उन्नत बिउ कार्यालयले सतप्रतिशत अनुदानमा उपलब्ध गराउन सक्नेछ ।

**(घ) जग्गा भाडा लिई कृषि व्यवसाय गर्नेहरूलाई प्रोत्साहन अनुदानः**

जग्गा भाडामा लिई कृषि व्यवसाय गर्नेहरूका लागि कृषि बाली उत्पादन, प्रशोधन र बजारीकरणमा पहुंच पुन्याई कृषि व्यवसायमा प्रत्यक्ष राहत पुर्याउन यो कार्यक्रम संचालन गरिनेछ ।

१. यस कार्यक्रम अन्तर्गत कृषि बाली उत्पादन, प्रशोधन र वजारीकरणका कार्यक्रमहरू मात्र समावेश गरिनेछ ।
२. विदेशबाट फर्कि कृषि व्यवसाय संचालन गरेका वा गर्न इच्छुक यूवाहरूलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ । व्यावसायिक रुपमा कृषि पेशा अपनाई कृषि व्यावसाय सञ्चालन गर्दै आएका कृषि, उद्यमीहरुले पनि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्ने छन् ।
३. जग्गा भाडामा लिई कृषि पेशा गरी आएको हकमा भाडा अवधि कम्तीमा ५ वर्षको हुनु पर्नेछ र भाडामा लिन चाहने कृषियोग्य जग्गा कम्तिमा १० रोपनि हुनुपर्नेछ ।
४. विगत देखि व्यवसाय संचालन गरी आएकाको हकमा कम्तीमा चालु आ.व. को अबधि बाँकी नै रहेको हुनु पर्नेछ ।
५. यस नगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरण गरेको हुनु पर्ने छ वा दर्ता गरी निवेदन दिन सकिनेछ ।
६. निवेदनको ढांचा सम्बन्धित वडा कार्यालय र नगरपालिका कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।
७. कार्यक्रम संचालनका लागि प्रथम पटक १५ दिने प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशित गरिनेछ । तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
८. छनौट भएका आवेदकहरुलाई करार सम्झौता वमोजिमको कुल रकममा बढीमा ४० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ ।
९. प्रस्ताव पेश गर्दा अनुसूची ५ बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ ।

**(ङ) व्यवसायिक तरकारी खेती प्रवर्द्धन तथा विस्तार कार्यक्रम**

कार्यक्रम विशेषत व्यावसायिक रुपमा तरकारी उत्पादनमा जोड दिदै स्वस्थ बाली उत्पादन गरी बजारीकरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

१. कार्यक्रम सञ्चालनका लागि प्रथम पटक १५ दिने सूचना आह्वान गरी वडा कार्यालयहरू मार्फत सूचना प्रकाशित गरिनेछ ।

२. यस कार्यक्रम अन्तर्गत राष्ट्रिय बीउविजन समितिद्वारा पन्जीकृत वा सूचीकृत भएका उन्नत तथा हाइब्रिड तरकारी तथा च्याउको बीउ विजनहरुमा बढीमा ५० प्रतिशतसम्म अनुदानमा वितरण गरिने छ ।

३. यस कार्यक्रम बमोजिम अनुदानग्राहीले अनुदानमा वीउ विजनहरु प्राप्त गर्नका लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आएको हुनु पर्नेछ तर कुनै नयाँ कृषकले तोकिएको क्षेत्रफलमा तरकारी खेती गर्ने प्रतिबद्धता सहित आवश्यक कागजातहरु पेश गरेमा अनुदानमा बीउविजन वितरण गर्न बाधा पर्ने छैन ।

४. नविनतम प्रविधिहरुमा साना कृषि औजार तथा यन्त्र उपकरणमा बढीमा ५० प्रतिशतसम्म अनुदान दिइने छ । बेमौसमि तरकारी उत्पादनको लागि ग्रिन हाउस निर्माण, फलामे टनेल निर्माणमा बढीमा ७५ % र बासको टनेलको हकमा भने बासको टनेल संरचना उपभोक्ता आफैले बनाएको हकमा गुणस्तरिय प्लास्टिकमा सतप्रतिसत सम्म अनुदान प्रवाह गर्न सकिनेछ ।

५. कार्यक्रम संचालनका लागि आवश्यकताका आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. कार्यक्रम सञ्चालनका लागि प्रस्तावको ढांचा अ**नुसूची ३** बमोजिम पेश गर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र पर्न आएका आवेदनहरुको छनौट समितिबाट गरिनेछ र सो को एकप्रति सूचना पाटिमा टाँस गरी सम्बन्धित वडा कार्यालयहरुमा समेत पठाइने छ।

८. कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी मार्फत साझेदारीमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

९. कार्यक्रम संचालनमा प्राङ्गारिक तथा जैविक मल तर्फ बढीमा ७५% सम्म अनुदान दिन सकिनेछ ।

१०. कार्यक्रम संचालनका लागि कृषक समुह, कृषि सहकारी, कृषि उद्यमीले अमानतमा काम गर्न सक्ने छन् ।

११. प्लाष्टिक मल्चिङ विधिबाट तरकारी खेती गर्ने कृषकहरुलाई बढीमा ५० प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक उपलब्ध गराइने छ ।

१२. कार्यालयले उपलब्ध गराउने अनुदान रकम बाहेक कृषकले लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम सम्बन्धित सप्लायर्सहरु एकमुष्ठ उपलब्ध गराउनु पर्ने छ। साथै अनुदान वापत कार्यालयले बुझाउनु पर्ने रकम शाखाको राय अनुसार सम्बन्धित सल्लायर्सलाई नियमानुसार भुक्तानी दिइने छ ।

**(च) साना सिंचाई कार्यक्रमः**

साना सिंचाई भन्नाले सिंचाईका स-साना स्किमलाई जनाउँछ। साना सिंचाई कार्यक्रमले १० हेक्टर सम्मको कृषियोग्य जमिनमा सिंचाई सुबिधा पुर्याउने कार्य राख्दछ ।कृषि विकास कार्यक्रम संचालन तथा दिगोपनाका

लागि सिचाई, यातायात तथा विधुतीकरण अति आवश्यक रहन्छ । सिंचाईको अभावबाट हुने उत्पादकत्व गिरावट रोक्न दिगो संचाईका पुर्वाधारमा लगानीमा जोड दिई सिंचित जग्गाको क्षेत्रफल बढाउने गरी कार्यक्रम संचालन गरिने छ ।सिंचाईका स-साना स्किमहरु बनाएर कृषक सहभागिताको आधारमा नगरपालीका क्षेत्रका कृषकलाई उत्पादन वृद्धिको माध्यमबाट आय आर्जनमा टेवा पुर्याउनुनै यसको प्रमुख उद्देश्य हो।

यस कार्यक्रममा कृषि सहकारी संस्था, कृषक समुहमा आबद्ध दलित, गरीब एवं महिला कृषकलाई प्राथमिकता दिइनेछ । प्राविधिक लागत स्टिमेट बमोजिम अनुदान रकम तय गरी सोहिअनुसार योजना छनौट तथा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रममा संघीय सरकारको साना सिंचाई शसर्त कार्यकम, प्रदेश सरकारको कार्यकम तथा नगरपालिकावाट विनियोजित बजेट र सोबाहेक उर्जा तर्फ व्यवस्थापन भएको शसर्त बजेटलाई समेत सिचाई कार्यक्रममा समावेश गरी सिंचाई कार्यक्रम संचालन गर्न सकिनेछ ।जल उपभोक्ता समिति, कृषक समुह, कृषि सहकारीको प्रस्ताव अनुसार कूल लागतको **न्यूनतम १५% रकम वा श्रमदान अनिवार्य** रहने छ सोही रकमबाट प्राविधिक खर्च आवश्यक भए व्यवस्थापन गर्न सकिने छ ।

**(छ) मागमा आधारित प्रस्तावित कार्यक्रमः**

व्यवसायिक कृषक, उद्यमी, फर्म, कृषक समुह, टोल विकास संस्था तथा कृषि सहकारी संस्थाहरूले आफ्नो लगानीमा संचालन गर्ने जुनसुकै कृषि व्यवसायका लागि अनुदान सहकार्य रहनेछ, आकस्मिक बाली संरक्षण सेवामा समेत अनुदान दिन सकिने छ ।

१. यो कार्यक्रम नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने छ।
२. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आहवान गरिने छ ।
३. प्रस्ताव प्रकृति हेरी कम्तिमा रु. २०,०००।- देखि अधिकतम रू ५००,०००- सम्म मात्र अनुदान दिन सकिनेछ ।
४. प्रस्ताव पेश गर्दा लागत स्टिमेट समेत पेश गर्नुपर्नेछ। कुल लागतमा ५० प्रतिशत नबढ्ने गरी छनौट भएका प्रस्तावकहरुलाई अनुदान उपलब्ध हुनेछ । अनुदान रकम नगदै वा सामाग्री खरिद गरिद गरी अनुदानमा वितरण गर्न समेत सकिने छ ।
५. प्रस्ताव अनुसुचि १ र ५ बमोजिम पेश गर्नु पर्नेछ ।
६. यस कार्यक्रममा कृषि सहकारी संस्था, कृषक समुहमा आबद्ध दलित, गरीब एवं महिला कृषकलाई प्राथमिकता दिइनेछ।
७. समयभित्र पर्न आएका प्रस्तावहरुको छनोट र सिफारिस समितिबाट गरिनेछ ।
८. कार्यक्रम सम्पन्न गरी मुल्याङ्कन सहित सम्बन्धित वडा सिफारिस साथ पेश गर्नुपर्ने छ ।

**(ज) माटो परिक्षण तथा माटो सुधार कार्यक्रम**

यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल, विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार तथा माटो जांच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरिने छ ।

१. माटो परीक्षण मिनि ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ ।
२. माटो सुधारका लागि बढीमा ७५ प्रतिशत अनुदानमा कृषि चुन तथा जिप्सममा वितरण गर्न सकिने छ।
३. यस कार्यकमबाट माटो सम्बन्धि नविनतम तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गर्न सकिनेछ।
४. नियमित माटो जाँच र माटो जाँच सिविर संचालन गर्न सकिनेछ ।
५. माटो जांच गरेपछि कार्यालयले माटो जांच कार्ड वितरण गर्न सक्नेछ ।

**(झ) भकारो सुधार कार्यक्रमः**

कार्यक्रम विशेषत पशु स्वास्थ्य सुधार, व्यवसायिक प्राङ्गारिक तरकारी उत्पादनमा टेवा पुग्ने गरी सचालन गरीनेछ ।

१. कार्यक्रम सञ्चालनका लागि प्रथम पटक १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने छ।
२. तोकिएको समयभित्र पेश हुन आएका प्रस्तावहरुको छनौट मूल्याङ्कन समिति वा कृषि प्राविधिकहरुले स्वलगत अनुगमन गरी आवश्यकतानुसार छनौट गरी सूचना सार्वजनिक गरिने छ। यस्तो सूचना कार्यालयको सूचना पार्टि, वडा कार्यालयमा टाँस गरिनुको साथै सामाजिक सञ्चाल मार्फत समेत जानकारी गराइने छ ।
३. छनौट भएको प्रस्तावकहरुले तोकिएको समयमा सम्झौता लागि आवेदन दिनु पर्नेछ र आवेदनको आधारमा कृषक, कृषक समुह, सहकारी संग सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
४. भकारो सुधारका कुल लागतको ५० प्रतिशत वा प्रति भकारो बढीमा रू १२०००।- अनुदान दिन सकिनेछ ।
५. ६ कार्यक्रममा सहभागी हुनका लागि कम्तीमा २ वटा ठूला पशुचौपाया पालेको र तरकारी खेती गरेको हुनु पर्नेछ ।
६. प्रस्तावको ढांचा अनुसूची बमोजिम पेश गर्नु पर्नेछ ।
७. कृषक, समूह, सहकारीहरुले जमानत विधिमै कार्य गर्न सकिने छन् ।

**(ञ) युवा लक्षित युवा स्वरोजगार कार्यक्रमः प्रस्तावनामा आधारित स्थायी तरकारी तथा फलफुल नर्सरी घर स्थापना**

यो कार्यक्रम युवा स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि नमुना नर्सरी स्थापना गर्ने गरी संचालन गरिनेछ ।

१. यो कार्यक्रम व्यवसायिक तरकारी बाली उत्पादनमा आधारित रहने छ।
२. यो कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव संकलन गरिने छ। प्रकाशित सूचना विभिन्न माध्यमबाट सबै वडा कार्यालयहरुमा पठाई समुदाय स्तरमा समेत टांस गरिने छ।
३. कृषक, कृषक समुह, सहकारी तथा व्यवसायिक कृषि फर्महरूले यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।
४. वैदेशिक रोजगारबाट फर्किएको बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने छ। साथै अन्य कृषि उद्यमीले पनि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्ने छन्
५. विदेशबाट फर्किएको भए स्पष्ट विवरण खुल्ने कागजातहरु समेत संलग्न राख्नु पर्ने छ ।
६. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ र व्यवसायिक योजनाको ढांचा अनुसूची १ वमोजिम हुनु पर्ने छ।
७. दर्ता भएका प्रस्तावहरूको प्राविधिक तथा आर्थिक पक्ष अनुसार प्रस्तावहरूको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
८. यस कार्यक्रम अन्तरगत अनुदानग्राहीले कम्तीमा २५ प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।
९. योजना सम्पन्न पश्चात सम्बन्धित प्राविधिकको मूल्याङ्कन प्रतिवेदन, वडा कार्यालयको सिफारिस सहित सक्कलै बील भौचरहरु पेश गरेमा नियमानुसार भुक्तानी दिइने छ ।

**(ट) मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम**

कृषि पेशा तथा व्यावसायलाई आधुनीकीकरण तथा व्यावसायीकरण गरी न्यून लागतमा बढी प्रतिफल प्राप्त गर्नका लागि साना तिथा मझौला किसिमका यन्त्र उपकरणहरु वितरण गरिने छ। कृषि उत्पादन लागतमा कम गरि बडि मुनाफा गर्न गराउन आवश्यक स सना यन्त्रहरु (पावर टिलर, मिनी टिलर, च्याप कटर, कर्न सेलर, रिपर, स्प्रेयेयर जस्ता सामाग्रीहरुलाई उपलब्ध गराईनेछ ।

यसरी वितरण गरिने यन्त्र तथा उपकरणहरु कृषकहरुको माग बमोजिम हुनेछन् ।

१. नविनतम प्रविधि तथा दिगो कृषि विकासमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गरिने छ ।
२. कार्यक्रम सञ्चालनका लागि कम्तिमा १५ दिने सुचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने छ।

३. यस कार्यक्रममा कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारीले प्रस्तावना पेश गर्न सक्ने छन्।

४. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरुको माग बमोजिम फिल्ड अनुगमन पश्चात छनौट गरिने छ। अनुदानग्राहीले कम्तिमा २५ प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

५. प्रस्ताव पेश गर्दा अनुदाग्राहीले कम्तिमा २५ प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धता समेत संलग्न गर्नु पर्ने छ ।

६. प्रस्ताव अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ र प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।

७. कार्यक्रम सञ्चालनका लागि छनौट भएका अनुदानग्राही विवरण सूचना पार्टीमा टाँस गरी वडा कार्यालयहरुमा समेत टाँस गर्न लगाइने छ।

८. यस कार्यक्रम अन्तर्गत यन्त्र तथा उपकरणहरु वितरण गर्नुभन्दा पहिले अनुदानग्राहीसंग सम्झौता गरी सोही अनुसार सामग्री खरिद गरी यन्त्र तथा उपकरणहरु उपलब्ध गराइने छ । वा अनुदानग्राहिले सार्वजनिक खरिद ऐन, नियमावलि बमोजिम खरिद गरि अनुदान रकम भुक्तानिका लागि निवेदन दिन सक्नेछन ।

**(ठ) बेमौसमी तरकारी उत्पादनका लागि (प्लाष्टिक सिट, इन्सेक्ट नेट, थोपा सिचाई)**

१. यो कार्यक्रम आधुनिक प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

२. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन मार्फत प्रस्ताव आह्वान गरिने छ ।

३. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ वमोजिम हुनु पर्नेछ ।

४. प्लाष्टिक सिट, इन्सेक्ट नेट, थोपा सिचाईमा कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइने छ तर प्राङ्गारिक मल तर्फ बढिमा ७५ प्रतिशत सम्म अनुदान दिन सकिने छ। बाँकी रकम सम्बन्धित पक्षले नै व्यहाँनु पर्ने छ ।

५. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात छनौट र सिफारिस समितिवाट गरिनेछ ।

६. छनौट भएका अनुदानग्राहीको सूचना सार्वजनिक गरी सम्झौताका लागि नियमानुसार जानकारी गराइने छ ।

७. अनुदानग्राहीले सम्झौता बमोजिम कार्य सञ्चालन गर्नुपर्ने छ। अन्यथा कायर्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।

८. अनुदानग्राहीले भुक्तानी रकम माग गदां सम्झौताको प्रतिलिपी, कार्यसम्पन्न प्रतिवेदन, सक्कलै बील भौचरहरु र निवेदन पेश गर्नुपर्ने छ ।

**(ङ) व्यावसायिक कृषि फर्म निर्माण**

कृषि व्यावसायलाई आधुनिकीकरण गर्दै कृषि कार्य गर्न उत्प्रेरित गर्नुका साथै कृषक, कृषि उद्यमीहरुलाई प्रोत्साहन गर्दै नविनतम प्रविधिको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न यस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ । कृषि विकासका नयाँ विधि र प्रविधिहरु समुदाय स्तरमा प्रचार प्रसार गरी अन्य कृषकहरुलाई प्रविधि ग्रहण गराइने छ । यस्ता फर्महरुले मौसमी तथा बेमौसमी तरकारी, फलफूल, बीउविजन उत्पादन एवं विक्रि वितरण, नर्सरी निर्माण, भकारो सुधार, कम्पोष्ट मल निर्माण, गड्यौली मलको उत्पादन, प्लाष्टिक टनेल निर्माण, जाली घर निर्माण, साना सिचाईका पूर्वाधारहरु निर्माण, आधुनिक कृषि यान्त्रीकरणको अबलम्बनका माध्यमबाट आफ्नो कृषि व्यावसायलाई सहज तथा व्यवस्थित गर्न सक्ने छन्।

**कार्यक्रम संचालन प्रक्रिया**

१. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन मार्फत प्रस्ताव आह्वान गरिने छ । तोकिएको समयमा आवश्यक प्रस्ताव पर्न नआएमा दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गरिनेछ ।
२. कार्यक्रम संचालनका लागि कृषक, कृषि उद्यमी तथा कृषि फर्महरुले अनुसूची ६ वमाजिमका आवश्यक कागजात सहित प्रस्तावना पेश गर्न सक्नेछन् ।
३. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
४. व्यावसायिक कृषि फर्म निमार्णका लागि संरचना निर्माण, कृषि यन्त्र तथा उपकरणहरु, प्लाष्टिक टनेल, इन्सेक्ट नेट, थोपा सिचाईमा कुल लागतको बढीमा ७५ प्रतिशतसम्म, प्राङ्गारिक मल, झोल मल, जैविक मल उत्पादनमा बढिमा ८५ प्रतिशत, भकारो सुधार तर्फ बढीमा १२०००।- वा कुल लागतको बढीमा ५० प्रतिशत अनुदान दिन सकिने छ ।
५. व्यावसायिक फर्म निर्माणमा कृषकहरुलाई प्रोत्साहन गर्नका लागि यस कार्यालयमा दर्ता भएका वा सूचीकृत भएका कृषि फर्महरुलाई रु पचास हजार देखि बढीमा रु ३ लाख रुपैया सम्म अनुदान दिन सकिने छ ।
६. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात छनौट र सिफारिस, समितिवाट गरिनेछ ।
७. छनौट भएका अनुदानग्राहीको सूचना सार्वजनिक गरी सम्झौताका लागि नियमानुसार जानकारी गराइने छ ।

८. अनुदानग्राहीले सम्झौता वमोजिम कार्य सञ्चालन गर्नुपर्ने छ। अन्यथा कार्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।

९. अनुदानग्राहीले भुक्तानी रकम माग गदां सम्झौताको प्रतिलिपी, कार्यसम्पन्न प्रतिवेदन, सक्कलै बील भौचरहरु र निवेदन पेश गर्नुपर्ने छ। अनुदान रकम कृक्षकहरुलाई बैङ्ग खाता मार्फत भुक्तानी गरिने छ ।

**(ढ) हिउँदे तथा वर्षे फलफूल विरूवा अनुदान कार्यक्रमः**

१. पोषण सुरक्षालाई मध्यनजर गर्दै दिगो कृषि विकासमा आधारित रहि यो कार्यक्रम संचालन गरिने छ।
२. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
३. बगैचा स्थापनाका तथा पोषण सुधारका लागि फलफूल विरूवामा वढीमा ७५ प्रतिशत सम्म अनुदान दिइने छ ।
४. बिरुवा वितरणका लागि लागि १५ दिने सूचना प्रकाशन गरी कृषकहरुको माग संकलन गरिने छ ।
५. विरुवाहरु वितरण गर्दा विशेष गरी भौगोलिक क्षेत्र सुहाउँदो र सहजै उपलब्ध हुने खालका विरुवाहरु र जातहरु स्पष्ट लेखी वितरण गर्नुपर्नेछ ।
६. दर्ता भएका निवेदनहरू प्राविधिक दृष्टिकोणले उचित भए नभएको निर्णय गरी कार्यकम संचालन गरिनेछ ।

**(ण) नगरपालिका र प्रदेश वा संघीय सरकार\उद्यमि कृषक\ कृषक समुह\ कृषि सहकारी संस्था बीच साझेदारी कृषि कार्यक्रम**

उद्यमी कृषक, कृषक समूह, एवं कृषक सहकारी सस्थाको हितकोष रकम तथा कृषकको निजी लागत कृषि क्षेत्रको उत्पादन एवं उपलब्धि मुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्न सकिनेछ ।उद्यमी कृषक, कृषक समूह, एवं कृषक सहकारी सस्थाको हितकोष रकम तथा कृषकको निजी लागत कृषि क्षेत्रको उत्पादन एवं उपलब्धि मुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्न सकिनेछ । साझेदारी कार्यक्रमका उदेश्यहरु यसप्रकार रहेका छन

क. उद्यमी कृषक, कृषक समूह/सस्थाको संस्थागत लगनशिलता कार्य दक्षता एवं जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्धि गर्ने ।

ख. कृषिको व्याबसायीकरणमा टेवा पुर्याउने ।

**प्राविधिक पक्ष :**

कृषकहरुलाई समूहमा संगठित हुन सहयोग पुर्‍याई उनीहरुको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवं सशक्त माध्यमको रुपमा उपयोग गर्ने उद्देश्यले नेपाल सरकारको निकायहरुमा दर्ता भएका कृषक समूह एवं कृषि सहकारी संस्थाहरु उद्यमी कृषकहरुको प्रस्तावनाको आधारमा उद्यमि कृषक, कृषक समूह/कृषि सहकारी सस्थालाई उत्पादन साधनको आपुर्ति, उत्पादित बस्तुको खरिद विक्री, सङ्कलन, प्रशोधन, प्रविधि प्रसार तथा समूह/सहकारीमा आधारित खेती प्रविधि सञ्चालन प्रकृयामा सहयोग पुर्‍याउन कृषि शाखाबाट सहयोग प्राप्त गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। उद्यमी कृषक, कृषकसमूह/सहकारी सस्थाले पेश गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो उद्यमी कृषक कृषक समूह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

**कार्यक्रम सन्चालन कार्यविधि**

क. कृषि शाखाले वार्षिक कार्यक्रममा बजेट प्रस्ताव गर्ने ।

ख. कार्यक्रम बजेट प्रस्ताव गर्दा एक वर्षका लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताब गर्ने ।

ग. नगरपालीका कृषि शाखा वाट साझेदारीका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गर्ने ।

घ. साझेदारी कार्यक्रम प्रस्ताव गर्दा कृषिबाट सेवा प्रभावकारीतामा वृद्धि गर्न आय आर्जन कार्यक्रम, प्रविधि प्रसार कार्यक्रम जस्ता कार्यक्रमका लागि प्राथमिकता दिने ।

ङ. कार्यक्रमका लागि उद्यमी कृषक कृषक समूह/कृषि सहकारी सस्थाबाट तोकिएको ढांचामा निवेदन लिने ।

च. कार्यक्रम सन्चालनका लागि समूह/संस्था छनौट गर्दा महिला, दलित, जनजाती, विपन्न वर्ग एवं पछाडि परेका वर्गलाई प्राथमिकता दिने ।

छ. उद्यमी कृषक, कृषक समूह/सस्थाको प्रस्तावना कार्यान्वयन सम्बन्धी निर्णय आर्थिक विकास समितिबाट स्विकृत गराउनु पर्ने ।

ज. आयोजना छनौट र मूल्यांकनका आधारमा कृषि शाखाले निर्धारण गरी सोही आधारमा प्रस्तावना छनौट गर्ने ।

झ. स्विकृत भएका आयोजना उद्यमि कृषक, समूह, सस्था मार्फत कृषि शाखाको निर्देशन तथा स्वीकृत प्रस्तावना अनुसार सन्चालन गर्ने ।

ञ. कार्यालयबाट उपलब्ध गराउने रकम उद्यमि कृषक समूह/सस्थांको बैंक खाता मार्फत उपलब्ध गराउने ।

ट. कार्यक्रम निर्धारित आ.व.भित्र सम्पन्न गरि सक्नु पर्ने ।

**(त) नगरभित्र रहेका कृषक समुह, कृषि सहकारी, व्यवसायिक कृषि फर्म तथा कृषि पेशासँग सम्बन्धित अन्य समितिहरूको तथ्याङ्क संकलन एवं अभिलेखिकरण कार्यक्रमः**

कृषि विकास कार्यक्रम संचालन तथा विकासका लागि कृषक समुह, कृषि सहकारी, व्यवसायिक कृषि फर्म, सम्बन्धित विभिन्न समितिहरू, वडा संग समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ । यस नगरको तथ्याङ्कमा समावेश गर्नका लागि सहयोग हुने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

१. सम्वन्धित कृषि प्राविधिकहरू बाट फिल्ड अनुगमन गरी तथ्याङ्ग संकलन तथा अभिलेखिकरण गरिनेछ ।
२. यस कार्यक्रममा कृषि विकासमा हिजो र आज के फरक भयो त्यसको प्रभावकारिता अध्ययन गर्नका लागि कृषि विज्ञको सहयोग लिन सकिनेछ ।
३. संकलित तथ्याङ्कहरूको आधारमा कृषि तथ्याङ्ग पुस्तिका तयार गरिनेछ र सरोकारवाला कार्यालयहरुमा समेत पठाइने छ ।

**(थ) बाँदर\जंगलि जनावरको हानी ब्यवस्थापन कार्यक्रम**

बाँदर ब्यवस्थापन संग सम्बन्धित नबिनतम तथा परम्परागत ब्यवस्थापन बिधीलाई अपनाई कृषि क्षेत्रमा बादर लगायत जंगलि जनावरबाट हुने क्षेतिलाई न्युनिकरण गर्न कार्यक्रम संचालन गर्न सकिनेछ । सामुदायिक बन संग फलफुल रोपौं कार्यक्रम, हेरालु ब्यवस्थापन, **बांदर लगायत जंगलि जनावर ब्यवस्थापनमा आएका नैंया आयामलाई अबलम्बन गर्न नगरपालिकाले बिभीन्न संघसंस्थासंग\उपभोक्ताको लागत साझेदारिमा वा सोझै, सतप्रतिशतसम्म अनुदान उपलब्ध गराउन वा** लागत स्टिमेट र प्रस्तावनाका आधारमा कार्यक्रम संचालन गर्दा लाग्ने खर्च कार्यलयले ब्यहोर्न सक्नेछ । कार्यक्रम संचालन गर्दा कृषियोग्य क्षेत्रफल, उत्पादकत्व, क्षेतिबाट हुने नोक्सान तथा लाभग्राहि संख्याका आधारमा कृषि शाखाले छनोटको मापदन्ड बनाई कार्यान्वयन गराउन सकिने छ ।

**(द) प्राङगारिक खेति\असल कृषि अभ्यास प्रवर्धन कार्यक्रमः**

आयातित रासायनिक मल एवं विषादीको बढ्दो प्रयोग तथा सो को अवशेषबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन, बजारीकरण र उपभोगमा वृद्धि तथा

प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि उत्पादन र वातावरण संरक्षण गर्ने उद्देश्यल सहित यो कार्यक्रम संचालन गरिनेछ यो कार्यक्रम दिगो कृषि विकासमा आधारित रहने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

१. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन मार्फत प्रस्ताव आह्वान गरिने छ ।
२. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ वमोजिम हुनु पर्नेछ ।
३. जैविक, वानास्पतिक वा झोलमल, गडौले मल उत्पादन कार्यका लागि आवस्यक संरचना तथा सामाग्रिमा कुल लागतको बढीमा ८५ प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइने छ तर जैविक तथा वानास्पतिक विषादि खरिद तर्फ शत प्रतिशत सम्म अनुदान दिन सकिने छ। बाँकी रकम सम्बन्धित पक्षले नै व्यहाँनु पर्ने छ ।
४. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात छनौट र सिफारिस, समितिवाट गरिनेछ ।
५. छनौट भएका अनुदानग्राहीको सूचना सार्वजनिक गरी सम्झौताका लागि नियमानुसार जानकारी गराइने छ ।
६. अनुदानग्राहीले सम्झौता बमोजिम कार्य सञ्चालन गर्नुपर्ने छ। अन्यथा कायर्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।
७. अनुदानग्राहीले भुक्तानी रकम माग गदां सम्झौताको प्रतिलिपी, कार्यसम्पन्न प्रतिवेदन, सक्कलै बील भौचरहरु र निवेदन पेश गर्नुपर्ने छ ।

**(ध) शत प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रम**

**(अ) प्रविधी परिक्षण तथा प्रर्दशनी**

१. नँया प्रविधी प्रदर्शन गर्न चाहाने व्यवसायिक कृषि फर्म, कृषि समुह, सहकारीको हकमा समूहको निर्णय दर्ता, प्रमाण पत्र प्रतिलिपि पेश गर्नु पर्नेछ ।
२. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि, लालपुर्जा वा करार सम्झौता प्रतिलिपि निवेदनका साथ कार्यक्रमको माग खुलाई पेश गर्नु पर्नेछ ।
३. दर्ता भएका निवेदनहरू प्राविधिक दृष्टिकोणले उचित भए कार्यालयबाट निर्णय गरी कार्यकम संचालन गरिनेछ ।
४. नगरपालिकाको कृषि शाखाले सोझै नँया प्रविधी परिक्षण तथा प्रदर्शनि गर्न आवश्यक स्थानहरु छनोट गरि कार्यक्रम संचालन गर्ने सक्नेछ ।

५. **सामुदायिक विद्यालयमा नमुना कृषि प्रदर्शनः** अनुसन्धानबाट प्राप्त कुनै नयाँ प्रविधिको महत्व सिद्ध गर्न खाद्यान्न बाली, दाल, तेलहन, तरकारी तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एक भन्दा वढी प्रविधिहरूकी तुलना गरी देखाउन यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ । कृषि पेशा प्रति विद्यार्थीको आकर्षण बढाई सैद्धान्तिक सँगसँगै प्रयोगात्मक शिक्षा प्रणालीको विकास गर्न कार्यक्रम महत्वपुर्ण हुनेछ । ९-१२ कक्षा संचालन भएको सामुदायिक माध्यामिक विद्यालयमा कम्तिमा २ रोपनी क्षेत्रफलमा कार्यक्रम संचालन गरि पढ्दै कमाउदै कार्यक्रमलाई पनि टेवा दिने गरि कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । यसरी कार्यक्रम संचालन गर्दा बनाउनुपर्ने स्थाई वा अस्थाई संरचनाको प्राविधिक लागत स्टिमेटका आधारमा **सत प्रतिशत सम्म वा विद्यालयको लागत साझेदारीमा संझौता** गरी कार्यान्वयन गर्नुपर्ने छ ।

**(आ) मिनीकिटः (उन्नत तथा वर्णशंकर बीउ)**

१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिने हुदाँ तरकारी खेतीका लागि जग्गा भएका सेवाग्राहीहरूलाई यस कार्यक्रममा समावेश गरिनेछ ।
२. यसरी कार्यक्रम सञ्चालन गर्दा कृषक समूह, कृषि सहकारीहरु र कृषकहरुलाई पहिलो प्राथमिकतामा राखि मिनिकिट वितरण गरिनेछ।
३. तरकारीको बीउ वितरण गर्दा कम्तीमा पनि २ देखि ५ वटा बालीवस्तुका जातहरु १ सेटमा हुनेछन् र उक्त एक सेटको रकम बढीमा रु ३००/- सम्म हुनेछ ।
४. मिनिकिट वितरण गर्दा राष्ट्रिय बीउ बिजन समितिबाट सूचीकृत वा पञ्जीकृत भएका तरकारी बालीका जातहरु मात्र बितरण गरिने छ ।
५. कृषक समूह तथा सहकारीहरुले मिनिकिट माग गर्दा निर्णय प्रतिलिपी, दर्ता प्रमाण पत्रको प्रतिलिपी र निवेदन पेश गर्नुपर्नेछ ।
६. एउटा कृषक समूहलाई बढीमा २५ वटा र कृषक सहकारीहरुलाई बढिमा ५० सेटसम्म मिनिकिट वितरण गर्न सकिने छ ।
७. एक आ.व. हिउदे र गिष्मकालिन\वर्षे गरी २ पटकसम्म मिनिकिट वितरण गर्न सकिने छ।

**(इ) बाली संरक्षण सेवा**

१. कृषि उपजहरुलाई उत्पादन एवं उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउनुका साथै उत्पादित उपभोग्य बस्तुबाट मानविय स्वास्थ्यमा समेत प्रतिकुल असर नपर्ने गरी वाली संरक्षणका विभिन्न कार्यक्रहरु संञ्चालन गरिनेछ ।

२. **आकस्मिक बाली संरक्षण सेवाः** नगर क्षेत्र भित्रका कुनै बालीहरुमा सक्रमण रोग तथा किराहरुको आकस्मिक प्रकोप सम्बन्धी सूचना आएमा वा र बाली संरक्षण संबन्धि मागको आधारमा बाली संरक्षण रोग किरा नियन्त्रणको लागी अभियान सञ्चालन गरिनेछ । उक्त अभियानमा विषादी अथवा सामग्री वा दुवै खरिद गरी उपलब्ध गराउन सकिनेछ। साथै नगर क्षेत्रका कुनै बाडमा बाली उपचार शिविर (प्लान्ट क्लिनिक) समेत सञ्चालन गर्न सकिने छ । बाली उपचार शिविर संचालन गर्दा लाग्ने सम्पुर्ण खर्च कार्यलयले बेहोर्ने छ ।

३. बाली संरक्षण सेवा अन्तरगत कृषक पाठशाला, एकीकृत शत्रुजीव व्यवस्थापन, झोल मल निर्माण, वाली उपचार, जैविक तथा रासायनिक विषादीहरु निःशुल्क वितरण गर्न सकिने छ ।

४. अमिलो जातका फलफूल बगैचा ब्यवस्थापनका लागि प्रयोग हुने निलो तुथो तथा चुन वितरणको लागि सत प्रतिशत अनुदान प्रवाह गर्न सकिने छ ।

५. तरकारी बालीमा रासायनिक विपादिहरुको न्यून प्रयोग गर्नका लागि विभिन्न सन्देशमूलक ब्रोसर , पर्चाहरु प्रकाशन गर्नुका साथै विभिन्न पासो तथा ल्यूरहरुको निःशुल्क वितरण गरिने छ ।

६. कार्यक्रम मागमा आधारित रही स्थलगत घुम्ती स्तरमा संचालन हुनेछ ।

७. कृषक संख्या प्रति समूह बढीमा ३० जना रहने छ। साथै तालिम अवधि आवश्यकता अनुसार हुनेछ ।

८. तालिम खर्च कार्यक्रम संचालनको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत लिए पश्चात मात्र तालिम सञ्चालन गरिनेछ ।

९. घुम्ती तालिममा सहभागी भएका कृषकहरुले भत्ता स्वरुप कुनै रकम दिइने छैन तर खाजा खर्च र स्टेशनरी कानुनमा तोकिए बमोजिम पाउने छन् ।

१०. सहभागीहरुलाई तालिममा प्रशिक्षण दिए वापत प्रशिक्षकहरुले प्रदेश कानुनमा व्यवस्था भए वमोजिम पारिश्रमिक पाउने छन् ।

**(ई)नगरस्तरिय कृषक तालिम तथा स्थलगत तालिम**

**नगरस्तरिय कृषक तालिम**

कृषिका विभिन्न विषय विशेष तालिमहरू पालिकास्तरमा ३ दिनसम्म सञ्चालन गरिनेछ ।यस तालिम २०-२५ जना कृषक सहभागी हुनेछन् । कृषकहरूको विषय विशेष ज्ञान सीप अभिवृद्धि गर्न तालिम कार्यक्रम प्रभावकारि रहनेछ। नगर स्तरिय तालिम ३ दिनको सम्म हुन सक्ने छ । नगर स्तर तालिममा न्युनतम २० र बढीमा २५ जना सहभागी र सहभागीमध्ये ३३ प्रतिशत महिला सहभागिता गराईनेछ । नगरस्तरिय तालिमममा सहभागी हुने कृषकहरुले नियमानुसार यातायात खर्च पाउने छन । नगर स्तरिय तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन । तालिम सञ्चालन खर्च नगरपालिका कृषि शाखा बाट

बेहोरिनेछ । तालिमका लागि सहभागी कृषक छनोट संबन्धित वार्ड र कृषि शाखाको समन्वयमा गरिनेछ । तालिम सञ्चालन नगरपालीकामा कार्यरत कृषि अधिकृत प्रा.स/ना.प्रा.स.तथा बाह्य विषेशज्ञ हरुलाई प्रशिक्षकका रुपमा सहभागी हुनेछन ।

**स्थलगत तालिम**

नगरपालीकाको प्रभावक्षेत्र भित्रका बिभीन्न बालि उत्पादन क्षेत्रहरु तथा अन्य कृषक समूहरुलाई छोटो समय अबधिको कृषक स्तरीय तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र सो क्षेत्रका कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समयसापेक्ष नयां प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको अंहम् रामा भूमिका रहेकोले यस किसिमको तालिम पकेट क्षेत्रमा तथा कृषक समूहहरुका बीचमा सञ्चालन गर्न आवश्यक महसुस पछि उक्त तालिम संचालन गरिने छ । बाली, बागबानी, मौरी, च्याउ, तथा बाली संरक्षण सम्बन्धि लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवं हस्तान्तरण गर्न र सम्बन्धित बालीको पकेटक्षेत्र एवं कृषक समूहहरुलाई आइ परेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्न कार्यक्रम प्रभावकारि रहनेछ ।

१. कार्यक्रम मागमा आधारित रहि घुम्ति स्तरमा संचालन हुनेछ ।
२. कृषक संख्या प्रति समुह बढीमा ३० जना रहनेछ । साथै तालिम अवधी आवश्यकता अनुसार हुनेछ ।
३. तालिम खर्च कार्यक्रम संचालनको लागत स्टिमेट तयार गरी पुर्व स्वीकृत लिए पश्चात मात्र तालिम संचालन गरिनेछ ।
४. घुम्ती तालिमामा सहभागी कृषकहरुले भत्ता स्वरुप कुनै रकम दिइने छैन तर खाजा खर्च र स्टेशनरी कानुनमा तोकिए बमोजिम पाउने छन ।
५. सहभागीलाई तालिमामा प्रशिक्षण दिए बापत प्रशिक्षकहरुले प्रदेश कानुनमा ब्यवस्था भए बमोजिम पारिश्रमिक पाउने छन ।

**(उ) समस्या समाधान गोष्ठी एवमं समन्वय बैठक**

**नगर स्तरीय कृषक गोष्ठीः** कृषिका कार्यक्रमहरू वास्तवमा सबै कृषकको लागि नै हुन्छन् । त्यस्ता कार्यक्रमहरूमा कृषकको पृष्ठपोषण (Feedback) अनिवार्य हुन्छ। यसमा कृषि विकासको क्रममा कृषकहरूलाई एकिकृत गरी कृषिका विविध पक्षहरूमा छलफल गरिन्छ ।योजना निर्माण देखि कार्यान्वयन, मूल्यांकन आदिमा नगरका कृषकहरूसंग औपचारिक एवं अनौपचारिक रुपमा छलफलहरू गर्ने अवसर प्रदान गर्नु/गराउनु यसको मुख्य उद्देश्य रहनेछ। सहभागी कृषकहरूलाई गोष्ठीको तिथि मिति निर्धारण भएपछि अग्रीम रुपमा सूचित गरिन्छ । सकेसम्म सहभागीहरूलाई वढी भन्दा वढी छलफलमा भाग लिने वातावरण गराई उनीहरूबाट अन्तिम निक्यौल निकालिनुपर्दछ ।

१. नयाँ प्रविधिहरुको प्रचार प्रसार, कृषक तथा सबै सरोकारवालहरुको समस्या समाधान तथा उचित पृष्ठपोषणमा आधारित रहनेछ ।
२. यो कार्यक्रम नगरपालिका स्तरीय हुनेछ ।
३. कार्यक्रममा जनप्रतिनिधि, कृषि विज्ञ, कृषि प्राविधिक, कृषक समूह, कृषि सहकारी, एग्रोभेट, बीउ उत्पादक, निर्जिवन बीमा कम्पनीका प्रतिनिधीहरु, धान तथा गहुँ मील सञ्चालकहरु, रासायनिक मल वितरण संघ संस्था, कृषि क्षेत्रका गैरसरकारी संस्था, व्यवसायिक कृषि उद्यमी, तरकारी संकलन केन्द्र तथा हाटबजारका प्रतिनिधिहरू रहने छन ।
४. कार्यक्रम सञ्चालनको अवधि आवश्यकताअनुसार रहने छ ।
५. कार्यक्रमको लागत स्टिमेट बनाई स्वीकृत गरी कार्यक्रम संचालन गर्नु पर्ने छ ।
६. कार्यक्रम सञ्चालनका लागि सहभागीहरुको भत्ता रकम छुट्टयाएको भए नियमानुसार भत्ता दिइने छ अन्यथा भत्ता उपलब्ध गराइने छैन ।

**(ऊ) अन्तर जिल्ला कृषक भ्रमण**

कृषकहरूलाई बरपरका जिल्लाका उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराउँदै आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई बाली उत्पादन कार्यक्रमसंग आवद्ध गराउनुपर्दछ । यस्तो भ्रमणबाट विभिन्न कृषकहरूले जिल्लाहरूमा कृषि प्रविधिहरूबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन् उद्देश्य - कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउदछ ।

भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नुपर्दछ ।भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ । भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिनुपर्दछ ।भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।

१. अवधिः ३-७ दिन
२. सहभागी कृषक संख्याः २५-३० जना

**(ए) कृषि बुलेटिन प्रकाशन**

नगर स्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायिकरण तथा विविधिकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे सरोकारवालाहरुलाई सु-सूचित बनाउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ ।

नगरस्तरमा सम्भाव्य प्रविधिहरुलाई समेटेर जानकारीमुलक प्रविधि, आगामी सिजनमा गरिने मुख कृषि कर्महरु, अनुसन्धानबाट सिफारिश भएका नया प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरेको हुनुपर्नेछ । बुलेटिन प्रकाशन बाली, बागवानी, बाली संरक्षण, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिएको हुनुपर्नेछ ।प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाउनुपर्नेछ ।

**(ऐ) कृषि दिवस, मेला महोत्सब तथा सचेतना कार्यक्रम संचालनः**

कृषि सम्बन्धि बिभीन्न दिवस जस्तै कृषि जैविक विविधता दिवस, राष्ट्रिय धान दिवस लगायत बिभिन्न कृषि सम्बन्धि दिवस, कृषि मेला लगायत कृषि सचेतनाका कार्यक्रम संचालन गर्दा लागत स्टिमेटको आधारमा कार्यक्रम प्रस्तावनाका आधारमा कार्यक्रम संचालन गर्दा लाग्ने खर्च कार्यलयले ब्यहोर्ने छ ।

**ओ) निर्भाहमुखी साना तथा विपन्न, दलित र उत्पिडित किसान लक्षित कृषि कार्यक्रम**

**उदेश्य :** यो कार्यक्रम निर्भाहमुखी साना तथा विपन्न कृषकका लागि नँया सिप र प्रविधीको पहुंच विस्तार गरि उत्पादन र उत्पादकत्व वृद्धिका साथै लागत कम गराउने उद्देश्यले संचालन गरिनेछ।

**संचालन प्रक्रिया :**

१. यस कार्यक्रम अन्तर्गत नंया र नविनतम प्रविधीमा आधारित कृषि सामाग्रीहरु जस्तै थोपा सिचाई, प्लास्टिक मुल्चिङ, टनेल प्लास्टिक, स्पेयर आदि सत प्रतिशत सम्म अनुदानमा वितरण गरिनेछ । विभीन्न बालिका बिउ बिजन, तथा बिरुवा हरु समेत यस कार्यक्रम अन्तर्गत वितरण गर्न सकिनेछ ।

२. कार्यक्रममा समावेश हुन चाहने कृषकले कार्यलयको सुचना बमोजिम परिचय खुल्ने कागजपत्र सहित आफ्नो माग निवेदन पेश गर्न सक्नेछन ।

३. मागमा आधारित कृषि सामाग्रि तथा बिउ बिजन वितरण शाखा/वडाबाट गरिनेछ ।

४. यो कार्यक्रम कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।

**(६) पशु सेवा शाखा तर्फका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रियाः**

क) उत्पादन **र बिक्रीमा** आधारित अनुदान

**उदेश्य :** यो कार्यक्रम जैमिनी नगरपालिकामा रहेका उत्पादन जस्तै दुध,मासु र अन्डामा कृषकको क्षमता र उत्प्रेरणा बढाउने उद्देश्यले संचालन गरिनेछ।

**संचालन प्रक्रिया :**

१. उक्त कार्यक्रममा सहभागी हुनका लागि १५ दिने प्रस्ताव आव्हान सम्बन्धि सूचना प्रकाशन पश्चात निवेदन पेश गरेको हुनुपर्नेछ।
२. आवेदकले तोकिए बमोजिमको ढांचामा निवेदन पेश गर्नुपर्नेछ।
३. नगरपालिकाबाट अनुदान प्राप्त गर्न चाहने किसानले एकै प्रकारको अनुदानमा दोहोरो नपर्ने गरि अनुदान लिनु सक्नेछन् ।
४. पालिकाको दर्ता वाला फर्म ,समुह,सहकारी मार्फत बिक्रि वितरण गर्ने किसान मात्र अनुदान पाउन योग्य हुनेछन् ।
५. बजेट सिमा भन्दा अधिक अनुदान माग भएमा बजेट परिधि भित्र रही अनुदान वितरण कार्य गरिनेछ ।
६. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।
७. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ ।

**ख) आपतकालीन पशु पन्छी उपचार सेवा**

**उदेश्य :** यो कार्यक्रम भविस्यमा आउन सक्ने पशु स्वास्थ्यका चुनौती व्यवस्थापन गर्ने उद्देश्यले संचालन गरिनेछ।

**संचालन प्रक्रिया :**

१. आपत बिपत जस्तै डडेलो अतिब्रिस्टि, क्षति, पहिरो, महामारी प्रभावित पशु पन्छीको तत्काल उद्दार उपचार गर्नका लागि आवश्यक इमरजेन्सी औषधि एबम आवश्यक सामाग्री खरिद गर्न सकिने छ ।
२. तत्काल उपचार गर्नु पर्ने औषधि मौज्दातमा नरहेमा औषधि प्रचलित ऐन अनुसार खरिद गरेर भएपनि गरि यथाशिघ्र गर्नुपर्नेछ ।
३. कार्यालय प्रमुखको मौखिक आदेशलाई आधार मानी घटनास्थलमा खटिन सकिनेछ ।
४. उपचार पश्चात उपचार प्रतिवेदन कार्यालयमा बुझाउन पर्नेछ ।
५. चलिरहेको आर्थिक वर्षमा अचानक महामारी आई पशुपन्छी पालक कृषकको ठुलो क्षेती हुने अवस्था आएमा नगर कार्यपालिकाले जुन सुकै बेलामा पनि कार्ययोजना र बजेट विनियोजन गर्न सक्नेछ ।
६. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।
७. यो कार्यक्रममा खटिए बापत प्राविधिकलाई नियमानुसार सेवा सुबिधा दिइनेछ ।

**ग) वड़ा र नगरबाट दिईने नियमित उपचार सेवा तथा औषधी खरिद कार्यक्रम**

**उदेश्य :** यो कार्यक्रममा जैमिनी नगरपालिका भित्रका कृषकहरुलाई **पशु पन्छीको रोगको रोकथाम तथा उपचार गरी** दुध, मासु र अण्डा उत्पादनमा वृदि गर्ने उदेश्य रहेको छ।

**संचालन प्रक्रिया :**

१. सार्वजनिक खरिद नियमावली अनुसार औषधि खरिद गरिनेछ ।
२. खरिद गरिएको औषधिहरु सम्बन्धित वडा र शाखा मार्फत रोकथाम तथा उपचार सेवामा प्रयोग गरिनेछ ।
३. नगरपालिकाले पशु स्वास्थ्यको लागि आधारभूत औषधि मात्र वितरण गर्नेछ ।
४. आधारभूत औषधि भन्नाले परजीवी नियन्त्रण,एन्टीबायोटिक ट्याब्लेट/एन्टीसेप्टिक/पाउडर/मलम र अन्य प्राथमिक उपचार सेवा हुनेछ ।
५. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।
६. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन,प्याकेजिंग तथा विविधमा खर्च गर्न सकिनेछ ।

**घ. घाँस विकास कार्यक्रम**

**उदेश्य :** यो कार्यक्रम किसानलाई कोशे र अकोशे दुवै घाँस लगाई लागत कम गराउने उद्देश्यले संचालन गरिनेछ।

**संचालन प्रक्रिया :**

यो कार्यक्रम किसानलाई कोशे र अकोशे दुवै घाँस लगाई लागत कम गराउने उद्देश्यले संचालन गरिनेछ।

१. यस कार्यक्रम अन्तर्गत एक वर्षे/ बहु बर्षे कोशे/अकोशे उन्नत जातका घाँसको बिउं/सेट्स/बिरुवा वितरण गरिनेछ ।'
२. घाँसको बिऊं शाखा/वडाबाट वितरण गरिनेछ ।
३. घाँस विकास कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु पूर्ण रूपमा निशुल्क रहनेछन ।'
४. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।
५. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।

**ङ) अनुदान र वितरणमुखी कार्यक्रम सम्बन्धी व्यवस्था :**

**उदेश्य :** राष्ट्रिय मर्म बमोजिम आर्थिक प्रगतिको लागि समाबेशीमुलक कार्यक्रम संचालन गरि उत्पादनमा आत्मनिर्भर हुने रहेको छ ।

१. रु एक लाख भन्दा माथि रहने अनुदानको व्यवसायिक कृषक फर्महरुलाई दिने अनुदानमा फर्मको लागत साझेदारी अधिकतम पालिकाको ७५% रहनेछ ।
२. एक लाख भन्दा मुनिका र साना किसान,लक्षित वर्ग, सिमान्तकृत वर्ग , एकल महिला ,पुरुषका लागि भने शत प्रतिशत अनुदान रहनेछ ।
३. अनुदानका कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।
४. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।

**च) किसानसंग पशु प्राविधिक निशुल्क ट्रोल फ्री कल कार्यक्रम :**

**उदेश्य :** यो कार्यक्रममा जैमिनी नगरपालिका भित्रका कृषकहरुलाई पशु सम्बन्धि जानाकारी दिनको लागि किसानसंग पशु प्राविधिक निशुल्क ट्रोल फ्री कल कार्यक्रम संचालन गरि निशुल्क प्राविधिक सेवा उदेश्य रहेको छ ।

**संचालन प्रक्रिया :**

१. यस कार्यक्रम अन्तर्गत नेपाल टेलिकम संग समन्वय गरि किसानले गोठबाटै निशुल्क प्राविधिक कल सेवा पाउनेछन् ।
२. उक्त ट्रोल फ्री कल कार्य्रक्रम लागु गर्न दैनिक ब्यवस्थापन खर्च र विविध खर्च गर्न सकिनेछ ।
३. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।

**छ) पशुपालक तथा पन्छीपालक कृषक अध्ययन अवलोकन कार्यक्रम सम्बन्धी व्यवस्था :**

**उदेश्य :** जैमिनी नगरपालिकाका पशु सेवा क्षेत्रका पशुपालक तथा पन्छीपालक कृषकहरुको प्राविधिक क्षमता विस्तार गर्ने उद्देश्य रहेको छ ।

**संचालन प्रक्रिया :**

१. यस कार्यक्रममा जैमिनी नगरपालिका भित्रका पशु तथा पन्छीपालन व्यवसाय संचालन गरि रहेका कृषकहरु र जैमिनी नगरपालिका भित्रका पशु सेवा क्षेत्रका प्राविधिकहरु समावेश गराइने छ ।

२. अध्ययन अवलोकन गराउँदा व्यवसायिक रुपमा सफल भएका नमुना फर्ममा अवलोकन गराउन सकिने छ ।
३. अध्ययन अवलोकन गर्दा आवश्यक पर्ने गाडी, स्टेशनरी तथा कृषक र प्राविधिक कर्मचारीहरुको दैनिक तथा भ्रमण खर्च र यातायात खर्च तथा अन्य व्यवस्थापकिय खर्च नगरपालिकाको नियमानुसार खर्च गर्न सकिने छ ।
४. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।

**ज) प्रोत्साहन कार्यक्रम सम्बन्धी व्यवस्था :**

**उदेश्य :** यस कार्यक्रम अन्तर्गत पशुपन्छी पालक कृषकको उत्प्रेरणा बढाई उत्पादनमा जोड दिने लक्ष्य राखिएको छ ।

**संचालन प्रक्रिया :**

१. यस कार्यक्रम अन्तर्गत १५ दिने खुला सूचना मार्फत आवेदन माग गरिनेछ ।
२. समतामुलक तरिकाले कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।
३. यस कार्यक्रमबाट बढीमा रु १०,००० का दरले प्रोत्सान अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।
४. मुल्यांकनका आधारहरु प्रस्तावना अनुसार गर्नुपर्नेछ ।
५. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।

**झ) निशुल्क कृतिम गर्भाधान सेवा कार्यक्रम सम्बन्धी व्यवस्था :**

उदेश्य : सार्वजनिक सेवा प्रभाहलाई कृषक मैत्री बनाउन र नवीनतम सार्वजनिक ब्यवास्थापनमा कृषक को मागलाई सम्बोधन गर्दै कृषक कै फर्ममा नश्ल सुधार गर्ने अभिप्रायले यो कार्यक्रम संचालन गरिनेछ ।

संचालन प्रक्रिया :

१. यस कार्यक्रममा कृषकले अनिवार्य रुपमा आफ्नो पशु सुचिकृत गराउनु पर्नेछ ।
२. सुचिकृत शुल्क निशुल्क रहनेछ ।
३. सुचिकृत गरिएका पशुले मात्र कृतिम गर्भाधान कार्यक्रममा निशुल्क सेवा पाउनेछन् ।
४. कृषकले तालिम गरी अनुमति प्राप्त कृतिम गर्भाधानकर्ता मार्फत स्वस्थ पशुमा मात्र कृतिम गर्भाधान गराउनु पर्नेछ । अस्वस्थ पशुको कृतिम गर्भाधान गरे बापतको रकम भुक्तानी कार्यक्रमबाट हुने छैन ।

५. कृतिम गर्भाधानकर्ताले शाखा प्रमुखको अनुसुचि २ बमोजिमको लिखित आदेश बिना निशुल्क कृतिम गर्भाधान गर्नु हुदैन ।
६. कृतिम गर्भाधान गरे बपात सेवा सुबिधा निम्न अनुसार हुनेछ ।
   १. वार्ड न १ — रु ६००
   २. वार्ड न २,४,५ — रु ७००
   ३. वार्ड न ६,९ — रु ८००
   ४. वार्ड न ३,८,१० — रु १०००
   ५. वार्ड न ७ — रु ९००
७. माथी जनसुकै कुरा लेखे पनि दर्ता नभएका र कर चुक्ता नगरेका फर्मको र **कृषि सहकारी समूह ,दुग्ध सहकारीको सदस्य नभएका पशुपालक कृषकको** पशुहरुको कृतिम गर्भाधान गरे बापतको रकम कार्यक्रम बाट भुक्तानी हुने छैन ।
८. यो कार्यक्रमको कार्यालयको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ। कार्यक्रमको कुल बजेटको अधिकतम ५ % अनुगमन तथा विविधमा खर्च गर्न सकिनेछ ।
९. कार्यक्रम संग अन्य व्यवस्था स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।

**(८). भुक्तानी प्रक्रियाः**

कार्यक्रम सञ्चालनमा सहभागी हुने सेवाग्राहीहरूले कार्यक्रम अनुसार सम्झौता बमोजिम कार्यक्रम संचालन गरी अनुदान रकम माग गरेमा आर्थिक ऐन, नियमावली तथा अनुदान विरतण सम्बन्धी निर्देशिका अनुसार कार्यालयवाट अनुदान रकम भुक्तानी गरिनेछ । अनुदान रकम भुक्तानीका लागि कार्यक्रम संचालन पश्चात कार्यक्रमको पक्ति अनुसार सम्पन्न गरी सम्बन्धित प्राविधिकको मूल्याकन प्रतिवेदन, वडा कार्यालयको सिफारिस पत्र, योजना सम्पन्नको स्थलगत फोटो र सक्कलै बील भरपाईहरु पेश गरेपछि कार्यालयले नियमानुसार रकम उपलब्ध गराउने छ ।

**(९) अनुगमनः**

१. संचालन गरिएका कार्यक्रमहरु शाखा ,सम्बन्धित बडा कार्यालयको समन्वयमा समिति तथा पदाधिकारी बाट बाट अनुगमन गरिनेछ ।
२. अनुगमनका सन्दर्भमा संचालित कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ । साथै सोधिएका विषयको स्पष्ट जवाफ र निर्देशनको पालना गर्नु पर्नेछ ।
३. कार्यालय वा शाखाबाट अनुगमन निरीक्षणमा खटाइएको कर्मचारीले अनुगमन भत्ता सुविधाका लागि अनिवार्य प्रतिबेदन पेश गर्नु पर्नेछ। अन्यथा अनुगमन भत्ता उपलब्ध हुने छैन ।

४. अनुगमन भत्ता कानुनमा तोकिए बमोजिम हुनेछ ।

**(१०) विविधः**

१. अनुदान सहयोगमा संचालित कार्यक्रमहरूको कार्यान्वयन अनुदानग्राहीले विशेष ध्यान दिनु पर्नेछ ।
२. कार्यक्रम संचालन गदां कुनै दुविधा उत्पन्न भएमा आपसी सहमति समझदारीवाट निराकरण गरिने छ ।
३. कार्यक्रमहरू र कार्यविधिमा कुनै परिमार्जन गर्नु परेमा कार्यपालिकाको निणर्यबाट गरिनेछ ।-
४. कृषि विकास कार्यक्रम संग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ सस्थाहरूको कार्यक्रमहरूका लागि समन्वय सहकार्यमा कार्यक्रम संचालन तथा सिफारिसका लागि कार्यालयको निर्देशानुसार गर्न सकिने छ ।
५. तोकिएको समय भित्र कार्यक्रम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।
६. कार्यक्रम संचालनका लागि प्रस्ताव गरिने कार्यक्रमहरूको प्रस्ताव तथा निवेदनहरु प्रकाशित सूचना अनुसारको अनुसूची फारम पेश गर्नु पर्ने छ ।
७. प्रचलित नियमानुसार बाझिने कुराहरू स्वतः निष्क्रय हुने छन् ।

**(११) खारेजी, बचाउ र संसोधन**ः यो कार्यबिधिलाई थपघट गर्ने, संशोधन गर्ने र खारेज गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ ।

## अनुसुची - १

## व्यवसायिक योजना

(क) कार्यक्रमको संक्षिप्त परिचय

१. कार्यक्रमको नामः

२. कार्यक्रम संचालन गरिने स्थानः

३. कार्यक्रमको किमिमः

४. कार्यक्रम सञ्चालनको समयावधिः मिति.........................

५ आवेदकको नाम र ठेगाना

६. कार्यक्रमको कुन लागत रकमः

७. सम्पर्क व्यक्ति

ख) परियोजना/कार्यक्रमको संक्षिप्त विवरणः

१. परियोजना/कार्यक्रमको संक्षिप्त परिचय

२. कार्यक्रमको उद्देश्य-

३. लाभान्वित हुने घर संख्या

४. लाभान्वित हुने जनसख्या प्रत्यक्ष.............. अप्रत्यक्षः ..................

५. प्रमुख रुपमा लगाइने बानीहरु अनुमानित वार्षिक उत्पादन ;

६. परियोजना स्थलमा रहेका पुर्वाधारहरुः

७. कृषि सम्वन्धी कुनै तालिम लिएको/नलिएकोः लिएको भए कुन तालिम हो तालिम अवधिः

८. कार्यक्रम सञ्चालन सम्वन्धी अनुभव

(क) छ/छैन (अनुभव भए ३ वर्षभन्दा कम ( ) ३ वर्षभन्दा बढी ( )

९ परियोजनाको अनुमानित लागत

१०. परियोजनाको ज्याननका लागि आवश्यक पर्ने साधनहरू

११. प्रस्तावित क्रियाकलाप र खर्चको विवरण

| क स | प्रस्तावित क्रियाकलाप | परिमाण | दर | जम्मा लागत | प्रस्तावित अनुदान | निजि लगानि रु | अन्य निकाय रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

१२. कार्यक्रम सञ्चालनमा चुनौती तथा समस्याहरु छ छैन। भएमा के कस्ता हुन्।

१३. प्रस्तावित कार्यक्रमबाट वातावरणीय प्रभावः पार्ने\नपार्ने (पार्ने भए के के हुन् उल्लेख गर्ने )

१४. परियोजना संचालन गर्न लाग्ने जनशक्ति विवरणः

१५. परियोजना संचालन हुने स्थान जैमिनी न.पा. वडा नं.

१६. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु के के हुन्?

समूह/सहकारी/उद्यमी फर्मको को नामः

संस्थाको छापः

निवेदकः

पदः

दस्तखत

सम्पर्क नः

सिफारिस गर्नेको नामः

नाम थर

पदः

दस्तखत :

ठेगानाः

## अनुसूची २

निशुल्क कृतिम गर्भाधान गर्नु पुर्व लिने स्वीकृति फारम (लिखित आदेश)

मिति : ..................................

कृतिम गर्भाधानकर्ता नाम :

अनुमति पत्र नं :

कृतिम गर्भाधान गर्ने पशु :

संख्या :

कृतिम गर्भाधान गर्न जाने वड़ा :

कृतिम गर्भाधान गर्ने ठाउंसम्मको दुरी :

शाखा प्रमुख

...........................

दस्तखत

## अनुसूची - ३

**(तरकारी खेतीका लागि नगरपालिकासंगको सहकार्यमा ग्रिन हाउस/प्लाष्टिक घर/ इन्सेक्ट नेट/प्लाष्टिक टनेल निर्माण गर्नका लागि दिइने निवेदनको ढाँचा**

विषय : साझेदारीमा लागि ग्रिन हाउस निर्माण गरी पाउँ ।

श्रीमान् शाखा प्रमुख ज्यू

जैमिनी नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा, कुस्मिसेरा, बागलुङ,

प्रस्तुत विषयमा रामग्राम नगरपालिकाको मिति...........को सूचना अनुसार लागत साझेदारीमा ग्रिन हाउस प्लाष्टिक घर/इन्सेक्ट नेट प्लाष्टिक टनेल निर्माण गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नका लागि सूचना बमोजिमका सेवा शर्तहरू पालना गर्ने गरी ग्रिन हाउस निर्माण गर्नका लागि तपसिलको बिबरण संहित यो आवेदन पेश गरेको छु\छौं ।

<u>तपसिल :</u>

१. कृषि उद्यमी/कृषक/समूह/सहकारी/ फर्मको नामः

२. ठेगानाः जैमिनी नगरपालिका वडा नं..........टोल

३. संरचना निर्माण गरिने जग्गा करारमा लिएको भए जग्गा धनिको नामः

४ जग्गा रहेको स्थानः जैमिनी नगरपालिका वडा नं. कित्ता नं. क्षेत्रफल.......

५. सिचाईको श्रोतः छ/छैन (भएमा कुन हो खुलाउने)

६. विगतमा ग्रिन हाउस/प्लाष्टिक घर/इन्सेक्ट नेट/ प्लाष्टिक टनेल निर्माण भए

संख्याः ...............साइज .............................क्षेत्रफल................

७. संरचना निर्माणको लगानी स्रोत

| क स | संरचनाको नाम | कार्यलयको अनुदान | निजि लगानी रु | अन्य निकायको सहयोग रकम रु | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

९. हाल निर्माण गर्न चाहेको संरचनाको बिबरण

| क स | संरचनाको नाम | माग सङ्ख्या | आकार | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

आवेदकको नाम :

पद :

दस्तखतः

सम्पर्क नं

## अनुसूची ४

## सम्बन्धित वडा कार्यालयको सिफारिसको ढाँचा

मिति :

विषयः सिफारिस गरिएको सम्बन्धमा ।

श्रीमान् प्रमंखु प्रशासकीय अधिकृत ज्यू

जैमिनी नगर कार्यपालिकाको कार्यालय बागलुङ

प्रस्तुत विषयमा तहां कार्यालयको मिति........... गतेको प्रकाशित सुचना बमोजिम यस जैमिनी नगरपालिका वडा नं....वस्ने श्री ....................ले उल्लेख गरेका सबै व्यहोरा ठिक साँचो रहेकोले निजलाई तरकारी खेतीका लागि ग्रिन हाउस/प्लाष्टिक घर/इन्सेक्ट नेट/ प्लाष्टिक टनेल निर्माण गरिदिनु हुनका लागि लागि सिफारिस साथ अनुरोध छ ।

कार्यालयको छापः

अध्यक्षको नामः

दस्तखतः

वडा नंः

संलग्न कागजातहरूः

१. जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा करारमा जग्गा लिएको भए कम्तीमा ५ वर्षको करारनामा

२. उक्त जग्गाको चालु आ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपि

३. आवेदकको नागरिकताको प्रतिलिपि

४. वडा कार्यालयको सिफारिस पत्र

५. तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि । ।

## अनुसूची- ५

## प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू

**१. कृषक/ उद्यमीहरुको हकमा**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा करार सम्झौता प्रतिलिपि ।

(ग) चालु आ.व. को एकीकृत सम्पति कर तिरेको रसिदको प्रतिलिपी।

(घ) कृषक उद्यमी दर्ता प्रमाण पत्र प्रतिलिपि । (दर्ता भएमा)

(ङ) वडा कार्यालयको सिफारिस पत्र ।

(च) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता पत्र

**२ कृषक समूह / कृषि फर्मको हकम**

(क) कृषक समूह वा फर्म दर्ता प्रमाण पत्र

(ख) समितिको बैठकको निर्णय प्रतिलिपी ।(समूहको हकमा)

(ग) स्थायी लेखा नं. को प्रतिलिपी

(घ) कर चुक्ता पत्रको प्रतिलिपी

(ङ) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(च) वडा कार्यालयको सिफारिस पत्र ।

(छ) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता पत्र

**३ कृषि सहकारी संस्थाको हकमा**

(क) सहकारी दतां प्रमाण पत्र तथा निणय प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) समितिको बैठकको निर्णय प्रतिलिपी ।

(घ) स्थायी लेखा नं. को प्रतिलिपी

(ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(च) वडा कार्यालयको सिफारिस पत्र ।

## अनुसूची- ६

## भकारो सुधारका लागि भर्नु पर्ने फारम

| क्र स | कृषक फर्मको नाम | ठेगाना | ठुला पशु चौपायाको संख्या | तरकारि खेति गरिएको भए क्षेत्रफल | ग्रिन हाउस वा प्लस्टिक घरमा खेति गरिएको भए | | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | क्षेत्र | | |
| | | | | | | | | |
| | | | | | | | | |

निवेदक

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

संम्पर्क न.

संस्था भए

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मितिः

सिफारिस गर्नेको नामः

पदः

दस्तखतः

सम्पर्क नः

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत